**सर्वोच्च अदालत, संयुक्त इजलास**
माननीय न्यायाधीश श्री ईश्वर प्रसाद खतिवडा
माननीय न्यायाधीश श्री कुमार रेग्मी
**फैसला**
**०७२-MS-००२४**
**मुद्दाः अदालतको अवहेलना ।**

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० बुद्धनगर बस्ने वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी ............................ ........................................ १ — निवेदक

विरूद्ध

एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड), एकीकृत नेपाल कम्युनिष्ट पार्टीको मुख्यालय, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३५ पेरिस डाँडा ............. ............................ १ — प्रत्यर्थी प्रतिवादी

नेपालको संविधानको धारा १२८(४) एवम् सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७ बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार छः

तथ्यगत व्यहोराः

१. निवेदनको संक्षिप्त व्यहोराः

क. निवेदक लामो समयदेखि कानून व्यवसाय गर्दै आएको छु। कानूनी शासन, संवैधानिक सर्वोच्चता, सामाजिक न्याय, स्वतन्त्र र सक्षम न्यायपालिका, आधारभूत मानव अधिकार जस्ता विषयमा मेरो व्यावसायिक सरोकार हुनुको साथै यस्ता विषयमा अदालतलाई सहयोग गर्नु हाम्रो कर्तव्य र दायित्व भएको हुँदा यसअघि पनि यस्ता कार्यमा अदालतलाई सहयोग गर्दै आएको छु। स्वतन्त्र न्यायपालिका विधिको शासनको आधार-स्तम्भ हो। स्वतन्त्र न्यायपालिकाको अभावमा नागरिक स्वतन्त्रता, संवैधानिक सर्वोच्चता एवम् लोकतान्त्रिक शासन प्रणाली सम्भव छैन। न्यायपालिकाको सवैभन्दा ठुलो शक्ति भनेको नागरिकहरुको यसप्रति रहेको आस्था हो। न्यायपालिकासँग राज्यको ढुकुटी एवम् सैन्य शक्ति (Purse and Sword) माथि नियन्त्रण हुँदैन। तर जनताको यसप्रति रहेको निरन्तरको आस्था नै यसको सवैभन्दा ठुलो सम्पत्ति एवम् पूँजी हो। कुनैवेला न्यायपालिकालाई राज्यको

सबैभन्दा कमजोर अंगको रुपमा गणना गरिन्थ्यो। तर न्यायपालिकाले नागरिक अधिकारको रक्षाको लागि खेलेको महत्त्वपूर्ण भूमिका र यसप्रतिको बढ्दो जनआस्थाको कारणले आज यो राज्यको सबैभन्दा महत्त्वपूर्ण एवम् राज्यको अन्य अंगहरुलाई संवैधानिक अनुशासनमा राख्न सक्ने एउटा शक्ति सम्पन्न अंगको रुपमा स्थापित भैसकेको छ। अदालतको यो मर्यादालाई उच्च राख्न, यसको गरीमा एवम् महत्त्वलाई कायम राख्न निरन्तर कृयाशील हुनु एउटा कानून व्यवसायीको नाताले मेरो व्यवसायिक कर्तव्य हो।

ख. मिति २०७३/२/१ मा प्रकाशित **राजधानी दैनिक**को प्रथम पृष्ठमा **"शान्ति प्रक्रियाको मर्ममै प्रहार"** भन्ने शीर्षक समाचार अन्तर्गत प्रत्यर्थी पुष्पकमल दाहाल (प्रचण्ड) को भनाई प्रकाशित गरिएको रहेछ। राजधानी दैनिकमा छापिएको उक्त समाचारमा विपक्षीले **"शान्ति सम्झौता अनुसार सत्य निरुपण तथा मेलमिलाप आयोगको दायरामा पर्ने द्वन्द्वकालिन मुद्दाहरुमा धमाधम फैसला गरेर न्यायालयले शान्ति सम्झौता बिरुद्ध नै भयानक षडयन्त्र गरेको ... द्वन्द्वकालिन मुद्दाको फैसला आफूहरुले स्वीकार नगर्ने ... न्यायालयले परिवर्तनको प्रक्रियालाई आत्मसात् गर्नुपर्छ ... द्वन्द्वकालिन मुद्दाहरुमा नियमित घटनामा जसरी फैसला सुनाउने कुरा हामीलाई कुनैपनि हालतमा स्वीकार्य हुने छैन"** भन्ने अभिव्यक्ति दिएको समाचार प्रकासित भएको छ। सोहि दिन मिति २०७३/२/१ मा प्रकाशित हुने **नागरिक दैनिक**ले **"अदालतले दिउँसै रात पार्दैछ"** भन्ने शीर्षकमा प्रत्यर्थीको भनाइ प्रकाशित गरेको छ। जसअनुसार निज प्रत्यर्थीले **"शान्ति प्रक्रिया निष्कर्षमा पुऱ्याउन नदिनका लागि अदालतलाई सक्रिय बनाउने कार्य गरिएको ... अहिले माओवादी बिरुद्ध अदालतलाइ तयार पारिँदैछ, अदालतले दिउँसै रात पार्ने काम गरिरहेको छ"** भन्ने अभिव्यक्ति प्रकाशित गरेको छ। सो समाचार अन्य श्रव्य-दृश्य माध्यमहरुमा समेत प्रमुखताका साथ प्रकाशित एवम् प्रसारित भएको छ। विपक्षीको उक्त भनाईले अदालतको मर्यादा एवम् निष्पक्षता माथि गम्भीर आघात पुग्न गएको, धम्कीको भाषा प्रयोग गरी अदालतलाई गम्भीर त्रासमा पार्न खोजिएको एवम् अदालतको आदेश समेत नमान्ने सार्वजनिक रुपमा चुनौती दिएर न्यायिक प्रक्रियामा गम्भीर अवरोध पार्न खोजिएकोले सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७(१) बमोजिम निवेदन गरेको छु।

ग. नेपालको संविधानको धारा १२८(४) ले मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालन गर्नु पर्नेछ। सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्यायसम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानून बमोजिम अवहेलनामा कारवाही चलाई सजाय गर्न सक्नेछ भन्ने स्पष्ट व्यवस्था गरी अदालतको मर्यादा एवम्

प्रतिष्ठालाई उच्च प्राथमिकता प्रदान गरेको छ। अदालतको अवहेलना गर्ने, अवज्ञा गर्ने एवम् न्याय सम्पादनको कार्यमा अवरोध गर्ने कार्यलाई संविधानले नै कसूरको रुपमा स्थापित गरेको छ। निज विपक्षी पुष्पकमल दाहालको अभिव्यक्तिले अदातलको निष्पक्षता, यसको संवैधानिक भूमिका एवम् विश्वसनीयता माथि गम्भीर आघात पुगेको छ। अदातलले आफू समक्ष प्रस्तुत मुद्दाहरुमा तथ्य, प्रमाण एवम् कानूनको आधारमा निर्णय गर्दछ। अदालत कसैसँग आफू भयभीत एवम् पुर्वाग्रही हुँदैन। तर राज्यको प्रमुख कार्यकारी प्रधानमन्त्री जस्तो पदमा पुगेको व्यक्ति एवम् संविधान बमोजिम खडा भएको एउटा राजनीतिक दलको प्रमुखद्वारा आज न्यायपालिकालाई खुलेआम धम्क्याउने काम भएको छ। निज प्रत्यर्थीले सार्वजनिक रुपमै **अदालतले दिउँसै रात पार्ने काम गरेको, अदालत भयानक षडयन्त्रमा परेको, एवम् अदालतको फैसला स्वीकार्य नहुने** जस्ता अभिव्यक्ति दिएर न्यायपालिकाको मर्यादामा गम्भीर क्षति पुऱ्याउनुका साथै अदालतको आदेश नमान्ने घोषणा गरेर न्याय सम्पादनको प्रक्रियामा गम्भीर अवरोध उत्पन्न गर्नु भएको छ। निज विपक्षी एउटा व्यक्ति मात्र नभएर एउटा सत्तारुढ दलका प्रमुख व्यक्ति पनि हुन्। निजले दिएको यस्तो किसिमको गैरसंवैधानिक क्रियाकलापको परिप्रेक्ष्यमा अदालतले कसरी स्वतन्त्र, निष्पक्ष एवम् भयरहित वातावरणमा न्याय सम्पादन गर्न सक्छ? अदालतले गरेका फैसलाहरुको कार्यान्वयनको सुनिश्चितता कसरी हुन सक्छ? यसबाट अदालतले आफ्नो संवैधानिक कर्तव्यको पालन गर्ने दिशामा गम्भीर संकटको स्थिति उत्पन्न भएको छ। अदालतलाई संवैधानिक भूमिका निर्वाह गर्ने कुरामा अवरोध प्रकट गरियो भने विद्यमान संविधानले आफ्ना प्रतिज्ञाहरु पुरा गर्न सक्दैन, संविधान असफल भएर जान्छ। यदि यो संविधान असफल भयो भने मुलुक लामो अस्थिरता एवम् अराजकतामा प्रवेश गर्नुका साथै राष्ट्रनै असफल हुनपुग्छ। एउटा सत्तारुढ दलहरु मध्येका नेताद्वारा अदालतलाई यसरी चुनौती दिंदा समग्र न्यायपालिकालाई आफ्नो कानूनी एवम् संवैधानिक दायित्वको निर्वाह गर्ने कुरामा गम्भीर अवरोध पर्न जाने तथ्य निश्चित छ। यसबाट न्याय सम्पादनको प्रक्रियामा गम्भीर अवरोध पर्न जाने देखिन्छ। न्याय प्रक्रियामा अवरोध गर्नु वर्तमान संविधान एवम् कानून बमोजिम फौजदारी कसूर हो। निज विपक्षीलाई न्याय सम्पादन प्रक्रियामा अवरोध गर्ने कुनै अधिकार छैन। कुनै खास दलका कार्यकर्ताहरुको मुद्दा दर्ता हुनै सक्दैन एवम् कुनै खास राजनीतिक दलको सदस्य हुनासाथ उसलाई आपराधिक दायित्वबाट उन्मुक्ति प्राप्त हुन्छ भन्ने सोच्नु कानूनी राज्यको सर्वथा उपहास हो। कानून समक्ष समानता एवम् कानूनको समान संरक्षण विधिको शासनको आधारभूत सिद्धान्त हो। कुनै खास राजनीतिक दलको विरुद्ध अदालतले मुद्दा हेर्न मिल्दैन, उपलब्ध तथ्य प्रमाण

एवम् कानूनका आधारमा दोषी करार गर्न हुँदैन भन्नु कानूनी राज्य एवम् न्यायिक स्वतन्त्रतालाई गम्भीर चुनौती दिनु हो। यसबाट न्यायिक प्रक्रियामा गम्भीर हस्तक्षेप एवम् उल्लंघन हुन पुगेको छ। न्यायिक प्रक्रियामा हस्तक्षेप एवम् अवरोध गर्नु अदालतको गम्भीर मानहानी एवम् अवहेलना हो। यसबाट अदालतको सक्षमता आघातित हुन पुग्दछ। न्यायपालिका कुनै राजनीतिक दल वा त्यसका कार्यकर्ताको अधिनस्थ निकाय होइन। अपितु आफ्नो संवैधानिक एवम् कानूनी दायित्व वहन गर्न स्वतन्त्र एवम् सक्षम हुन्छ। कोही जतिसुकै माथि गएपनि कानून सधै उभन्दा माथि हुन्छ।

घ. मुलुकको प्रधानमन्त्री भैसकेको एवम् विगतको संविधानसभामा सबैभन्दा ठुलो राजनीतिक दलको नेताको यस धम्कीले अदालतलाई आफ्नो संवैधानिक दायित्व पुरा गर्न अवरोध उत्पन्न हुने, न्यायिक प्रक्रियामा गम्भीर अवरोध पर्न जाने तथ्य स्पष्ट छ। यसबाट अदालतलाई गम्भीर रुपमा त्रासमा पार्न खोजिएको छ। एउटा संगठित राजनीतिक दलद्वारा अदालतलाई आफ्नो संवैधानिक एवम् कानूनी कर्तव्य निर्वाह गर्ने कुरामा अवरोध उत्पन्न गर्नु संवैधानिक लोकतन्त्रमा कदापि स्वीकार्य हुन सक्दैन। यस किसिमको धम्की एवम् क्रियाकलापप्रति अदालतले शुन्य सहिष्णुता अपनाउनु आवश्यक छ। अदालतको अवहेलना गर्नु गम्भीर फौजदारी कसूर हो। अतः निज पुष्पकमल दाहाललाई अदालतमा तत्काल सशरीर उपस्थित गराई बयान लिई संक्षिप्त प्रक्रियाद्वारा सर्वोच्च अदालत ऐन, २०४८ को ७(१) बमोजिम हदैसम्मको (एक बर्ष कैद र दश हजार रुपैयाँ जरिवाना) सजाय गरी पाऊँ। निज बिपक्षी संविधान बमोजिम गठित राजनीतिक दलको प्रमुख एवम् सत्तारुढ दलको नेता भएकोले हदैसम्मको सजाय गरीपाउँ भन्ने व्यहोराको वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीको निवेदन।

२. <u>कारण देखाउ आदेशको व्यहोरा:</u>

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार कारण भए सोसमेत साथै राखी आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ३ दिनभित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि वा वारेश मार्फत लिखित जवाफ पेश गर्नु भनी आदेश र निवेदनको प्रतिलिपि साथै राखी प्रत्यर्थीको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि पेश गर्नु भन्ने यस अदालतको मिति २०७३।२।११ मा भएको आदेश।

३. <u>प्रत्यर्थी प्रतिवादीबाट पेश भएको लिखित जवाफको संक्षिप्त व्यहोरा:</u>

क. लिखित जवाफ प्रस्तुतकर्ता नेकपा (माओवादी केन्द्र) को अध्यक्षको हैसियतमा राजनीतिक रुपमा क्रियाशील छु। तत्कालिन सात राजनीतिक दल र नेकपा (माओवादी)

बीच सम्पन्न भएको १२ बुँदे समझदारी तथा नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३।८।५ मा सम्पन्न विस्तृत शान्ति सम्झौता अनुसार तत्कालिन नेकपा (माओवादी) को नेतृत्वमा २०५२ सालदेखि चलिआएको सशस्त्र युद्धको अन्त गर्दै नेपाली समाजलाई शान्ति र अग्रगमनतर्फ अगाडी बढाउने उद्देश्यसाथ क्रियाशील राजनीतिकर्मी पनि हुँ। विस्तृत शान्ति सम्झौताको हस्ताक्षरकर्ता मध्येको एक भएको र उक्त विस्तृत शान्ति सम्झौताको बुदा नं. ३.४ मै स्वतन्त्र न्यायपालिका र विधिको शासनप्रतिको हाम्रो प्रतिबद्धता स्पष्ट रुपमा उल्लेख गरिएको छ। नेपाली जनताले २००७ सालदेखि पटक-पटक गर्दै आएको ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको अभिमतलाई संस्थागत गर्ने उद्देश्यकासाथ हाम्रो समेत सक्रिय सहभागितामा निर्माण भएको अन्तरिम संविधानमा समेत स्वतन्त्र न्यायपालिका र कानूनी राज्यप्रतिको प्रतिबद्धता प्रस्तावनामा नै उल्लेख गर्दै स्वतन्त्र न्यायपालिका सम्बन्धी स्पष्ट व्यवस्था अन्तरिम संविधानमा गरिएको छ।

ख. हाम्रो पार्टी र मेरो समेत सक्रिय सहभागितामा लोकतान्त्रिक प्रक्रियाबाट जननिर्वाचित संविधानसभाबाट २०७२।६।३ मा जारी गरिएको नेपालको संविधानमा समेत स्वतन्त्र, निपष्क्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणाप्रतिको प्रतिबद्धतालाई स्पष्ट रुपमा उल्लेख गरिएको छ। हाम्रो पार्टी र मेरो समेत सक्रिय सहभागितामा जारी गरिएको विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान र वर्तमान संविधानमा समेत स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका सम्बन्धमा स्पष्ट व्यवस्था गरिएकोले स्वतन्त्र न्यायपालिकाप्रतिको हाम्रो प्रतिबद्धता स्पष्ट हुन्छ। स्वतन्त्र, निष्पक्ष एवम् सक्षम न्यायपालिकाप्रति हामी प्रतिवद्ध छौं।

ग. नेपालमा एउटै तथ्यलाई आफ्नो स्वार्थ अनुकूल समाचार प्रकाशन गर्ने गराउने प्रचलन कुनै नयाँ होइन। यसको पछिल्ला उदाहरण सम्माननीय प्रधान न्यायाधीशको एकल इजलासले निवेदकको निवेदन उपर दिएको आदेशको व्यहोरालाई फरक-फरक पत्रिकाले तथ्य बङ्ग्याई फरक-फरक तरिकाले समाचार प्रकाशित गरेबाट पनि प्रकाशित समाचारको विश्वसनीयताको स्तर स्पष्ट हुन्छ। निवेदकले आधार लिएको नागरिक दैनिकको समाचार र अदालतको आदेश सँगै राखी अध्ययन गर्दा समेत ती पत्रिकामा प्रकाशित समाचारको आधिकारिकता स्पष्ट हुन्छ। नागरिक दैनिकमा तीन दिनभित्र आफै वा आफ्नो प्रतिनिधि मार्फत अदालतमा उपस्थित भएर बयान दिन आदेश दिएको छ भनी समाचार छापिएको छ। अदालतको आदेशमा बयान दिन उपस्थित हुनु भन्ने व्यहोरा कहिंकतै उल्लेख छैन।

यसबाट पनि निवेदकले आधार लिएको समाचारले कसरी अदालतको आदेशलाई समेत तोडमोड गरी आफ्नो स्वार्थ अनुकूल प्रचार प्रसार गर्दछन् भन्ने कुराको पुष्टि हुन्छ।

घ. मैले मिति २०७३।१।३१ गते राजधानीमा आयोजित एक अन्तरक्रिया कार्यक्रममा बोलेको कुरालाई आफ्नो अनुकूल भाषा अदल-बदल गरेर लेख्ने लेखाउने कामले उल्टो अदालतलाई विवादमा ल्याउने काम निवेदक स्वयम्ले गरेका छन्। द्वन्द्वकालिन घटनाहरु विस्तृत शान्ति सम्झौताको मर्म र भावना अनुरुप हुनुपर्दछ भन्ने हाम्रो एउटै मान्यता रहँदै आएको छ। विस्तृत शान्ति सम्झौताको बुँदा नं. ५.२.५ मा उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्न दुवै पक्ष सहमत छन् भन्ने व्यहोरा उल्लेख छ। बुँदा नं. ५.२.७ मा दुवै पक्ष विभिन्न व्यक्तिलाई राजनीतिक कारणले लगाएका आरोप दावी, उजुरी र विचाराधिन रहेका मुद्दा मामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरुको स्थिति तत्कालै सार्वजनिक गरी तुरुन्त रिहा गरिने ग्यारेन्टी गर्दछन् भन्ने उल्लेख छ। अन्तरिम संविधानको धारा ३३ (ध) मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने कुरा उल्लेख छ।

ङ. अन्तरिम संविधानको धारा १६६(३) ले विस्तृत शान्ति सम्झौतालाई संविधानको अभिन्न अङ्ग मानेको छ। बर्तमान संबिधानको धारा ३०४(२) ले अन्तरिम संविधान बमोजिमका शान्ति प्रक्रिया सम्बन्धी कार्यहरु यसै संविधान बमोजिम भए गरेको मानिने छ भनी स्पष्ट व्यवस्था गरेको छ। विस्तृत शान्ति सम्झौता र संविधान बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ व्यवस्थापिका संसदबाट पारित भई ऐन बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन भई क्रियाशील रहेका छन्। विस्तृत शान्ति सम्झौतामा उल्लेख भएबमोजिम द्वन्द्वकालिन मुद्दाहरुको छिनोफानो सत्य निरुपण तथा मेलमिलाप आयोगबाट हुनुपर्दछ भन्ने हाम्रो मान्यता विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गर्दादेखि नै रहेको र त्यही मान्यतामा म आजसम्म पनि अडिग छु। समाचारपत्रमा उल्लेख गरिएको कार्यक्रममा मैले सोही कुरा पुनः दोहोर्‍याएको मात्र हो। द्वन्द्वकालिन मुद्दाहरुको निरोपण विस्तृत शान्ति सम्झौताको मर्म र भावना अनुरुप हुनुपर्दछ भन्दा अदालतको अवहेलना हुने होइन। संविधानको अभिन्न अङ्गको रुपमा रहेको विस्तृत शान्ति सम्झौतालाई राज्यका सबै निकाय र राजनीतिक शक्तिहरुले मान्नु पर्दछ र यसले मात्र देशमा शान्ति, समृद्धि र अग्रगमनको बाटो खोल्दछ।

च. अदालत न्याय पाउनका लागि जाने पवित्र स्थान हो। त्यसैले अदालतमा जाँदा Clean Hand, Clean Heart, Clean Objective लिएर जानु पर्दछ। अदालतलाई आफ्नो ख्याती वा प्रचारका लागि दुरुपयोग गर्नु हुँदैन। बिपक्षीको निवेदन आफू चर्चामा आउने, म र म संलग्न रहेको पार्टीलाई विवादमा ल्याउने निहित उद्देश्य राखी दर्ता गरिएको देखिन्छ। यिनै निवेदकले मिति २०७० भाद्र १० गते (००७०-MS-००१०) पनि समाचार पत्र र अन्नपूर्ण पोष्टमा प्रकाशित समाचारलाई आधार बनाई अदालतको जात के हो भनी प्रश्न गरी अदालतको अवहेलना गऱ्यो भनी मेरो विरुद्ध यसै सम्मानित अदालतमा निवेदन दायर गरेका थिए। बिपक्षीको उक्त निवेदन सर्वोच्च अदालतबाट मिति २०७१।११।१२ मा खारेज भइसकेको छ। निवेदकको २०७०।५।१० को निवेदनमा पत्रिकाको नाम र केही व्यहोरा मात्र फरक पारी उही व्यहोराको अर्को निवेदन दर्ता गराएबाट पनि निवेदक अदालतको समयको महत्त्व र अदालतको मर्यादाप्रति गैरजिम्मेवार भई आफू चर्चामा आउने उद्देश्यबाट अदालत आएको स्पष्ट हुन्छ। सार्वजनिक सरोकारको नाममा निवेदन दर्ता गर्ने र सोही आधारमा समाचार माध्यममा समाचार लेखाउने र अन्तर्वार्ता दिई चर्चामा आउने रिट निवेदकको ध्येय देखिन्छ। आफ्नो चर्चाका लागि अदालतलाई दुरुपयोग गर्नु कदापि न्यायसंगत मान्न सकिदैन। विशुद्ध आफू चर्चामा आउने निहित उद्देश्यबाट दायर गरिएको निवेदन खारेजभागी छ।

छ. संविधानमा उल्लेख गरिए बमोजिमको स्वतन्त्र र निपष्क्ष न्यायपालिकाप्रति हामी प्रतिवद्ध छौं। सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७(१) मेरो हकमा आकृष्ट हुन सक्दैन। निवेदकको झुट्टा निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको ने.क.पा. (माओवादी केन्द्र) का अध्यक्ष श्री पुष्पकमल दाहाल प्रचण्डको लिखित जवाफ।

<u>यस अदालतको आदेश:</u>

४. नियमबमोजिम मिति २०८०/०६/०७ का दिनको पेशी सूचीमा चढी इजलास समक्ष पेश भई सुनुवाई गरिएको प्रस्तुत मुद्दामा निवेदक/विद्वान् वरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी, निवेदक तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु डा. श्री शिव कुमार यादव, श्री ज्ञानेन्द्र राज आरण, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री राजिव बास्तोला, श्री पुरुषोत्तम प्रसाद लोहनी र श्री त्रिलोक बहादुर चन्दले बहस जिकिरको सन्दर्भमा प्रत्यर्थी पुष्पकमल दाहालले अदालतले दिउँसै रात पार्दैछ, माओवादी विरुद्ध अदालतलाई उभ्याईंदैछ, द्वन्दकालिन मुद्दाहरुमा धमाधम फैसला गरेर न्यायालयले शान्ति सम्झौता विरुद्ध नै भयानक षडयन्त्र गरिरहेको छ भन्ने जस्ता अभिव्यक्ति दिनु भएको छ; दलको सर्वोच्च नेता, प्रधानमन्त्री भैसकेको व्यक्तिले मिति २०७३/१/३१ मा राष्ट्रिय सभागृहको सार्वजनिक कार्यक्रममा बोल्नु भएको कुरालाई

सामान्य रुपमा लिन सकिंदैन; यो भनाई कुनै सर्वसाधारण नागरिकको भनाई होइन; अदालतको आदेश स्वीकार्य छैन भन्ने अभिव्यक्ति आपत्तिजनक छ; उक्त अभिव्यक्तिबाट न्यायिक प्रक्रियामा अवरोध पैदा हुने अवस्था छ; द्वन्द्वकालीन घटनाहरु पनि अपराधिक घटनाहरु छन्; यस्ता घटनाका सम्बन्धमा कुनै कानूनी जवाफदेहीता नहुने भन्न मिल्दैन; न्यायिक प्रक्रियालाई अवज्ञा गर्ने, अस्वीकार गर्ने वा जनमानसमा भ्रम फैलाउने छुट कोही कसैलाई हुँदैन; मुद्दाको रोहमा अदालतबाट भएको फैसला वा आदेशको पालना सबैले गर्नुपर्दछ; न्यायिक आदेश वा फैसलाको पालना नगर्ने वा मान्दिन भन्ने अभिव्यक्ति शोभनीय र स्वीकार्य हुँदैन; फौजदारी न्याय शुन्यको अवस्थामा रहँदैन; संक्रमणकालीन घटनाबाट पीडित भएका व्यक्तिको न्याय पाउने अधिकार सम्बोधन हुन नसकेमा सो विषय नियमित अदालतको क्षेत्राधिकारभित्र आउँदछ; कतिपय अवस्थामा विश्वव्यापी क्षेत्राधिकार (Universal Jurisdiction) समेत आकर्षित हुने अवस्था रहन्छ; शान्ति प्रक्रिया दण्डहिनतालाई मान्यता दिने आधार बन्न सक्तैन; अदालतको फैसला नै मान्दिन भनेको विषयलाई गम्भीर रुपमा लिइनु पर्दछ; अदालतको आदेश मान्दिन भन्नु न्यायिक प्रक्रियाको उल्लंघन र अदालतको अवहेलना हो; उक्त भनाई अदालतको स्वतन्त्रता तथा संविधानको ठाडो प्रहार हो; प्रत्यर्थीले अदालतले दिउँसै रात पार्छ भन्नु भएको छ, अदालतले त अन्धकारलाई चिर्ने हो; यस्ता अभिव्यक्तिलाई छुट दिंदैजाने हो भने जे बोल्दा पनि छुट पाइने रहेछ भन्ने सर्वसाधारणमा भ्रम पर्न जान्छ; कानून प्रधानमन्त्री भन्दा पनि माथि हुन्छ; यस्ता अभिव्यक्तिलाई संविधानले अनुमति प्रदान गरेको छैन; न्यायालयको पटक-पटक अवहेलना गरी पत्रिकाको दोष देखाएर पन्छिनु ठिक भएन; यस्ता अभिव्यक्तिले न्यायको पवित्र धरोहर माथि धावा बोल्ने र न्यायालयको मर्म उपर प्रहार भएको हुँदा प्रत्यर्थीलाई अदालतको अवहेलना गरेकोमा सजाय गरिनु पर्छ भनी बहस जिकिर गर्नु भयो।

५. प्रत्यर्थीतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री मुक्ति नारायण प्रधान र श्री रमन कुमार श्रेष्ठ एवम् विद्वान् अधिवक्ताहरु श्री लोकमणि पोखरेल, श्री रामसुन्दर श्रेष्ठ र श्री मनोहरलाल श्रेष्ठले बहस जिकिरको सन्दर्भमा उजुरीकर्ता निवेदकले आफू चर्चामा आउने नियतले निवेदन गरेको देखिन्छ; मिडियाको समाचारको वास्तविकता वा सत्यता प्रमाणित भएको छैन; सैद्धान्तिक रुपमा नीतिगत विषयमा राजनीतिक विचार संप्रेषण हुनु स्वभाविक हो; द्वन्द्वकालीन घटना सत्य निरुपण तथा मेलमिलाप आयोगबाट हुनु पर्दछ भन्ने पार्टीको धारणा हो; समाचार प्रकाशन गर्ने पत्रिकालाई विपक्षी बनाएको छैन; न्यायालयप्रति कुनै पूर्वाग्रह वा मानहानी हुने गरी अभिव्यक्ति नदिएको भनी लिखित जवाफ परेको छ; अदालतप्रति प्रत्यर्थीको धारणा सकारात्मक र सम्मानजनक रहेको छ; उजुरी निवेदनमा निवेदकले प्रत्यक्ष

जानकारीमा आएको कुरा नभई पत्रिकाको हवाला दिएर उल्लेख गरिएको छ; विषयवस्तुको सत्यता प्रमाणित भएको छैन; उजुरी निवेदन खारेज गरिनु पर्दछ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो।

६. आज निर्णय सुनाउने भनी तोकिएको प्रस्तुत मुद्दामा निवेदकको माग वा जिकिरबमोजिम प्रत्यर्थी श्री पुष्पकमल दाहाल प्रचण्डले अदालतको अवहेलना गर्नु भएको हो वा होइन? निजलाई अदालतको अवहेलनामा सजाय हुने वा नहुने के हो? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो।

७. निर्णयतर्फ विचार गर्दा, सर्वप्रथम अदालतको अवहेलना सम्बन्धी अवधारणा र तत् सम्बन्धी कानूनी संरचनातर्फ दृष्टिगत गर्नु आवश्यक देखिन्छ। नेपालको संविधानको धारा १२८ को उपधारा (४) र न्याय प्रशासन ऐन, २०७३ को दफा १७ ले अदालतको अवहेलनामा सजाय गर्न सक्ने अधिकार यस अदालतलाई प्रदान गरेको छ। सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ५९ मा केही कार्यविधिगत विषय उल्लेख भएबाहेक अवहेलना सम्बन्धमा छुट्टै कानून निर्माण भएको देखिँदैन। जनताको हक अधिकारको संरक्षण, विधिको शासन स्थापना, मानव अधिकार, संविधानवाद तथा लोकतन्त्रको रक्षाका लागि न्यायपालिकाको सशक्त भूमिका कायम राख्नु वाञ्छनीय छ। न्यायपालिकाप्रतिको आस्था, विश्वास र भरोसा कायम राख्न, न्यायिक काम-कारबाही तथा न्यायिक निर्णय, आदेश, फैसलाको कार्यान्वयन हुने अवस्था सुनिश्चित गर्न कतिपय सन्दर्भमा अदालतको अवहेलनाको विषयमा कारबाही चलाई दोषीलाई सजाय गर्नु आवश्यक र औचित्यपूर्ण बन्न जान्छ। "चाहे आकासै खसोस्, तर न्याय गरिनुपर्छ (Let justice be done though heavens fall)" भन्ने न्यायिक मान्यता रहिआएको छ। यो मान्यता न्यायको निष्पक्षता, विश्वसनीयता र प्रभावकारिता कायम राख्ने कुरासँग सम्बन्धित छ। न्यायको प्रवाह रोकिनु वा बिथोलिनु हुँदैन। न्यायको प्रवाहमा अवाञ्छित हस्तक्षेप गर्ने, आक्रमण गर्ने, होंच्याउने, अपमानित गर्ने, झुठ्ठा भ्रम फैलाउने, फैसला वा आदेशको अवज्ञा गर्ने जस्ता कार्यहरु उपर नियन्त्रण कायम राख्न अदालतलाई अवहेलनामा कारबाही चलाउने र सजाय गर्ने अधिकार अन्तर्निहित रहन आएको हो। यहि पृष्टभूमिमा नेपालको संविधानको धारा १२८ मा न्याय सम्पादनको कार्यमा अवरोध गर्ने, र अदालतको आदेश वा फैसलाको अवज्ञा गर्ने कार्यलाई अवहेलनामा कारबाही चलाउन र सजाय गर्न सकिने विषयको रुपमा समावेश गरिएको देखिन्छ।

८. यस अदालतमा अवहेलना सम्बन्धी कतिपय विवादले विगतमा पनि प्रवेश पाएका छन् र यस अदालतले हरसम्भव न्यायिक संयमता अपनाएर विवादको निरुपण गरिआएको छ। अदालतको अवहेलनामा कारबाही चलाउने बिषय न्यायाधीशको वैयक्तिक प्रतिरक्षा वा

सुरक्षाको विषय नभएर अदालत स्वयम्को रक्षा-कवच हो। यसलाई न्यायिक गरिमा, मर्यादा र प्रभावकारिता कायम राख्न प्रयोग गर्ने गरिन्छ। Lord Diplock ले अदालतको अवहेलना सम्बन्धमा आफ्नो दृष्टिकोण यसरी प्रस्तुत गरेका छन्:

> "Contempt may take variety of forms, they all share a common characteristic: they involve an interference with the due administration of justice, either in a particular case or more generally as a continuing process. It is justice itself that is flouted by contempt of court, not the individual court or judge who is attempting to administer it."[1]

९. बोलेर, लेखेर वा ईशारा कुनैपनि माध्यमबाट अदालतको अवहेलनाजन्य कार्य गरिएको हुन सक्तछ। बदनियतपूर्वक अदालतको प्रतिष्ठा गिराउने प्रत्यक्ष वा परोक्ष कार्य भएमा त्यसलाई अदालतको अवहेलनाको दायराभित्र राखेर हेर्ने गरिएको अभ्यास रहेको देखिन्छ। अदालतको आदेश नमान्ने वा यसको कारबाहीको विरूद्ध भ्रम पैदा हुनेगरी अभिव्यक्ति दिने, विचाराधीन मुद्दाको निरुपणमा प्रत्यक्ष वा परोक्षरूपमा हस्तक्षेप गर्ने कार्यलाई अवहेलनाको दायरामा राखेर हेर्ने गरिएको छ। कार्य प्रकृतिको आधारमा अवहेलनालाई फौजदारी र देवानी अवहेलना गरी दुई भागमा विभाजन गरेर हेर्ने गरिएको समेत देखिन्छ[2]।

१०. न्याय प्रदान गर्ने कार्य राज्यको आधारभूत कार्य हो। न्याय गर्ने कार्य कानूनको एउटा वाध्यात्मक परिणाम र स्वभाविक प्रक्रिया पनि हो। औपचारिक न्यायिक प्रक्रियामा वैयक्तिक ईच्छा, रुची वा चाहनाको स्थान कम र वाध्यात्मकताको मात्रा अपेक्षाकृत वढी रहन्छ। यस प्रकारको न्यायिक अवधारणाको परिपालनाका लागि पनि अवहेलना सम्बन्धमा कारवाही र सजाय गर्ने अधिकार अदालतमा अन्तरनिहित रहनु पर्दछ भन्ने मान्यता स्थापित भएको

---

1 AG v Leveller Magistrate Ltd. [1979] AC 440

2 Contempt of Court Act, 1971 (India) Sec.2 - defines "Civil contempt" as "wilful disobedience to any judgment, decree, direction, order, writ or other process of a court or wilful breach of an undertaking given to a court" and "Criminal contempt" as "publication (whether by words, spoken or written, or by signs, or by visible representation, or otherwise) of any matter or the doing of any other act whatsoever which (i) scandalises or tends to scandalise, or lowers or tends to lower the authority of, any court; or (ii) prejudices, or interferes or tends to interfere with, the due course of any judicial proceeding; or (iii) interferes or tends to interfere with, or obstructs or tends to obstruct, the administration of justice in any other manner.

हो। अवहेलना सम्बन्धी विधिशास्त्र अनुसार "न्याय सम्पादनको कार्यमा अबरोध वा हस्तक्षेप गरेको" कार्यलाई अवहेलनाजन्य कार्य मानिन्छ। उल्लिखित "न्याय सम्पादनको कार्यमा अबरोध वा हस्तक्षेप गरेको" भन्ने कुराको परिभाषा गर्न वा सीमारेखा निर्धारण गर्न भने सजिलो छैन। यो अभिव्यक्ति केही सन्दर्भमा अपरिमित स्वभावको पनि देखिन्छ। तथापि, सामान्य प्रचलन वा अभ्यासको सन्दर्भमा हेर्दा न्याय सम्पादनको कार्यसँग सम्बन्धित कुनै विषयमा प्रत्यक्ष वा परोक्ष रुपले गरिने असहयोग, विरोध वा अस्वीकार्यतालाई "अवरोध वा हस्तक्षेप" भनी ग्रहण गर्ने मान्यता रही आएको पाइन्छ। न्यायिक काम कारबाही वा प्रक्रियामा रुकावट वा अवरोध पैदा गरेर, अदालतको आदेश वा फैसलाको कार्यान्वयन गर्न ईन्कार गरेर वा कार्यान्वयन प्रक्रियामा बाधा बिरोधको अवस्था सृजना गरेर, फैसला/आदेशप्रति अनास्था र भ्रम फैलाउने गरी शव्द, वाणी, आकार, चित्र, वा ईशारा आदिद्वारा अभिमत प्रकट गरेर पनि अवहेलनाजन्य कार्य हुन सक्तछ। यी समस्त कुराहरुको मूल्याङ्कन र परीक्षण मुद्दाको रूप, प्रकृति, तथ्यगत सन्दर्भ, मुद्दामा संलग्न पक्षहरुको अवस्था, अभिमत प्रकट गर्नुको विषय सन्दर्भ आदि कुराका आधारमा न्यायिक विवेक प्रयोग गरेर हेरिनु पर्ने हुन्छ।

११. कतिपय सन्दर्भमा न्याय सम्पादनको कार्यमा अवरोध गरिएको कुरालाई कानूनमा फौजदारी दायित्व सम्बन्धी कसूरको परिभाषाभित्र पनि समेटिएको देखिन्छ। झुट्टा प्रमाण बनाउने, कसूरदारलाई आस्रय दिने, जमानतको शर्त विपरीत अनुपस्थित हुने, पक्राउ गर्ने कुरामा बाधा बिरोध गर्ने, पक्राउबाट उम्काउने भगाउने आदि कार्यलाई मुलुकी अपराध संहिता, २०७४ ले कसूरको रुपमा परिभाषित गरेको छ[3]। यस प्रकारका काम कुरालाई सामान्यतयाः फौजदारी कानूनको उल्लंघन भएको विषयको रूपमा हेर्न सकिन्छ। तथापि, अवस्था र परिस्थिति अनुसार, यस प्रकारका बिषयलाई अवहेलनाको दायरामा राखेर हेर्ने अवस्था पनि रहन्छ। तथापी, वर्तमान सन्दर्भमा उचित विकल्प उपलव्ध भएसम्म अवहेलनामा कारबाही गर्नेभन्दा उपलव्ध विकल्प अपनाउनु उचित हुन्छ भन्ने दृष्टिकोण समेत निर्माण हुँदै आएको पाइन्छ[4]।

१२. निवेदक नेत्रबन्धु पौडेल वि. डा. गोविन्द के.सी. भएको ०७४-MS-००१३ को अवहेलना मुद्दाका सन्दर्भमा यस अदालतको वृहत् पूर्ण इजलासबाट मिति

3 मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ४ मा उल्लेख भएका केही कसूरलाई यस कुराको उदाहरणको रुपमा लिन सकिन्छ।

4 उदाहरणको लागि - बेलायतमा रकम तिर्नको लागि अदालतले दिएको आदेश नमानेको स्थितिमा अवहेलनामा कारवाई नगरी सम्पति रोक्का र बिक्री गरी रकम भराइन्छ।

२०७६/१०/२३ मा भएको फैसलामा अदालतको अवहेलना सम्बन्धमा निम्न अवधारणा प्रस्तुत गरिएको देखिन्छः

"अदालतको आज्ञा आदेश वा फैसलाको अवज्ञा वा निरादर गर्नु वा जनसाधारणमा अदालत वा अदालतबाट हुने न्याय प्रशासनको कार्यप्रति अविश्वास वा अनास्था हुने वा हुन सक्ने कुनै कार्य गर्नु, कुनै प्रकारले अदालतको सम्मान, मर्यादा वा प्रतिष्ठामा आघात पुग्ने अन्य कार्य गर्नु वा न्यायाधीशप्रति प्रतिकूल वा न्यायाधीशको निष्पक्षताको र निजको सद्विवेक वा कार्यक्षमतामा कुनै प्रकारको शंका उठाउनु वा अन्य कुनै प्रकारले न्यायाधीशको मर्यादा सम्मान वा प्रतिष्ठामा आघात पर्न सक्ने कुनै कार्य गर्नु वा अदालतमा विचाराधीन रहेको मुद्दा मामिलामा अनुचित प्रभाव पार्न वा पर्न सक्ने गरी कुनै कुरा व्यक्त गर्नु वा कुनै कार्य गर्नु वा न्याय प्रशासनको कार्यमा लागेका अदालतका कर्मचारी वा मुद्दा मामिलाका सम्बन्धमा कुनै कानून व्यवसायीलाई गाली बेइज्जती गर्नु वा अनुचित बाधा वा अवरोध उत्पन्न गराउनु वा डर त्रासमा पार्नु वा अदालतमा इन्साफ माग्न आउने मुद्दाका कुनै पक्षलाई वा कुनै मुद्दामा कुनै साक्षीलाई सो मुद्दामा भए गरेको कुनै कुरालाई लिएर गाली बेइज्जती गर्नु वा त्यस सम्बन्धमा अनुचित बाधा वा अवरोध उत्पन्न गराउनु वा डर, त्रासमा पार्नु"[5] समेतका कार्य गर्नुलाई मोटामोटी रूपमा अदालतको अवहेलनाको रुपमा लिइएको पाइन्छ।

१३. डा. गोविन्द के.सी. सम्बन्धित माथि उल्लेख गरिएको मुद्दा निरुपण गर्दा यस अदालतको बृहत् पूर्ण इजलासले प्रतिपादन गरेको सिद्धान्तका थप केही हरफहरु यहाँ साभार उल्लेख गर्नु सान्दर्भिक छः

"अवहेलनामा कारबाही गर्ने अदालतको शक्तिलाई अन्तरनिहित शक्तिको रूपमा लिएको देखिन्छ[6]; कसैको निवेदन परेमा निवेदनबाट र नपरेमा अदालतका कर्मचारीको प्रतिवेदनबाट नै पनि अवहेलना सम्बन्धी कारबाहीको उठान गरिएको र सो गर्दा

---

5 नरिश्वर भण्डारी वि. नरेन्द्रकुमार के.सी., नेकाप २०५६, नि.नं. ६८०८, पृ. ७९१; अधिवक्ता सन्तोष भट्टराई वि. कनकमणि दिक्षित, नेकाप २०६४, नि.नं. ७८३९, फौजदारी कानूनः दुनियाँवादी दोस्रो भाग २०६६, भाग-७ पृ. ९०; मनमोहनलाल सिंह वि. मध्यमान्चल क्षेत्रीय अदालत, नेकाप २०३३, नि.नं. ९८१, पृ. १९।

6 सर्वोच्च अदालत वि. कुसुम श्रेष्ठ, नेकाप २०२३, नि.नं. ३२७, पृ. ८२; सर्वज्ञरत्न तुलाधर वि. अध्यक्ष राष्ट्रिय पञ्चायत समेत, नेकाप २०३५, नि.नं. ११९७, पृ. १६८; थिरप्रसाद पोखरेल वि. हरिहर बिरही, नेकाप २०४९, नि.नं. ४६०४, पृ. ४०४९। यी मुद्दाहरुमा अवहेलनामा सजाय गर्न पाउने अदालतको अधिकारलाई संविधानका अन्य व्यवस्थाको अधिनस्त बनाइएको छैन भनी व्याख्या भएको छ।

निवेदक वा प्रतिवेदकको हैसियत केवल सूचनाकर्ताको रूपमा रहने भनिएको देखिन्छ[7]। अवहेलना सम्बन्धी कारबाहीमा अदालतले उपयुक्त कारबाही प्रक्रिया तय गर्छ; अवस्था अनुसार सोझै इजलासमा बयान गराउने, बयानको लागि पक्राउ गर्ने, म्याद सूचना जारी गर्ने, लिखित जवाफ लिने आदि प्रक्रिया अपनाउन सकिन्छ। यसमा संक्षिप्त कारबाही हुने गर्छ[8]। अवहेलनामा मुलरूपमा आरोपित व्यक्तिको कार्य हेरिन्छ, यसमा अन्य फौजदारी मुद्दामा जस्तो मनसाय तत्व त्यति महत्त्वपूर्ण नहुन सक्छ[9]। अवहेलनाको आरोप लागेको व्यक्तिले आत्मालोचना गर्ने, शर्तरहित र अदालतलाई चित्तवुझ्दो रूपमा माफी माग्ने कार्य गरेमा सजाय नगर्ने वा मुलतवी राख्ने वा सांकेतिक सजाय गर्ने आदि कार्य हुन सक्छ[10]। अदालतको आदेश वा फैसला नमान्ने[11], म्याद सूचनामा उपस्थित नहुने[12], इजलासमा न्यायाधीशलाई अपशव्द प्रयोग

---

7 जुगुतलाल यादव वि. सोमन ठाकुर वडही, नेकाप २०६३, नि.नं. ७८०१; प्रकाशमणि शर्मा समेत वि. गिरिजाप्रसाद कोइराला, सार्वजनिक सरोकार भाग २ दोस्रो भाग (२०६६) पृ. ३६९।

8 यादवराज पोखरेल समेत वि. रामकृष्ण डंगोल समेत नेकाप २०६६, नि.नं. ८०७६, पृ. २५२।

9 ईश्वरचन्द्र अग्रवाल वि. जिल्ला पञ्चायत सचिवालय मकवानपुर, नेकाप २०४५, नि.नं. ३५२४, पृ. ७०३, यद्यपि सजाय गर्ने सन्दर्भमा मनसाय तत्व सान्दर्भिक हुन्छ भनिएको पनि छ। सानुबहादुर श्रेष्ठ वि. उपराष्ट्रपति परमानन्द झा, नेकाप २०६८, नि.नं. ८६६०, पृ. १२४३; अधिवक्ता हेमराज अधिकारी वि. सम्वोधन साप्ताहिक २०६२ सालको AP-०१२७, फैसला मिति २०६७।५।१७ (वास्तविकताविहीन, आधारहीन र अस्वभाविक समाचारको प्रकाशन); टेकवहादुर रावल वि. दृष्टि साप्ताहिक समेत, २०६४ सालको फौ. विविध नं. ०००८ फैसला मिति २०६७।१०।२७।

10 सर्वोच्च अदालत वि. लोकबहादुर विष्ट, नेकाप २०२८, नि.नं. ६०२, पृ. १३३; यादवराज पोखरेल समेत वि. रामकृष्ण डंगोल समेत, नेकाप २०६६, नि.नं. ८०७६, पृ. २५२; बोधबहादुर राउत वि. नेवाए अध्यक्ष शम्भु थापा समेत, नेकाप २०६७, नि.नं. ८३४२, पृ. ५५६।

11 देवीबहादुर रावल वि. नेपाल खाद्य संस्थानको संचालक समितिको अध्यक्ष पुरुषोत्तम ओझा, फौजदारी कानून: दुनियाँवादी दोस्रो भाग-२०६६, भाग ७ पृ. २०९; मिनकुमारी क्षेत्री वि. बुटवल नगर पञ्चायत, नेकाप २०४७, नि.नं. ४०५०, पृ. ४९; शङ्करलाल चौधरी वि. मदनकुमार चौधरी, नेकाप २०५४, नि.नं. ६४१२, पृ. ४०४; यज्ञदेव भट्ट वि. डा. सुधा शर्मा, नेकाप २०७०, नि.नं. ९१०५, पृ. ५६; सर्वोच्च अदालत वि. गृह मन्त्रालय समेत, नेकाप २०६८, नि.नं. ८७५७, पृ. ७७; यादवराज पोखरेल समेत वि. रामकृष्ण डंगोल समेत, नेकाप २०६६, नि.नं. ८०७६, पृ. २५२; शुसिल चौधरी वि. कार्यालय प्रमुख जि.प्र.का. काठमाडौं फौजदारी कानून: दुनियाँवादी दोस्रो भाग-२०६६ भाग ७ पृ. १८४।

12 अरुण भट्टराई वि. प्रकाशलाल श्रेष्ठ, नेकाप २०५२, नि.नं. ५०४२, पृ. ८३।

गर्ने वा होच्याउने, झिझ्याउने वा अशिष्ट किसिमले बोल्ने, लान्छना लगाउने[13], अदालतका कर्मचारीलाई आक्रमण गर्ने कुराहरूलाई अदालतले सापेक्षिकरूपमा कठोरतापूर्वक व्यवहार गरेको छ[14]। अदालतको आदेश जे जस्तो भए पनि कि त न्यायिक प्रक्रियाबाट पुनरावलोकन गर्नु गराउनु पर्छ अन्यथा आदेश फैसला मान्नु पर्छ भन्ने अदालतको स्पष्ट मत रहेको देखिन्छ[15]। अवहेलनाको कारबाही गर्दा अदालतले संयमित दृष्टिकोण अपनाउनु पर्छ[16]। न्यायाधीशले गरेको न्यायिक कामको सन्दर्भमा बोलिएको कुरा हो वा अन्य प्रशासनिक वा व्यक्तिगत कार्यको आलोचना गरिएको हो, छुट्याएर हेरिनुपर्छ र अवहेलनालाई न्यायिक कार्य वा न्याय सम्पादनमा अवरोध गर्ने, अदालतको इज्जत प्रतिष्ठामा आक्रमण गर्ने वा भ्रम फैलाउने कार्यमा सीमाङ्कन गरिनुपर्छ भन्ने दृष्टिकोण विकास गरेको पाइन्छ[17]। प्रवृत्तिगत रूपमा देख्न सकिने अर्को कुरा आलोचना सुन्न सक्ने क्षमतामा वृद्धि हो। आफ्नो आदेश वा फैसलामा समालोचना वा आलोचना हुँदा अवहेलनामा कारबाही र सजाय गर्नु हुँदैन; अवहेलानामा अदालतले संयमित सोच राख्नुपर्छ भन्ने दृष्टिकोण पछिल्लो समयमा विकास भैरहेको पाइन्छ"[18]।

---

13 सर्वोच्च अदालत फुलबेन्च वि. अधिवक्ता कृष्णप्रसाद भण्डारी, नेकाप २०२५, नि.नं. ४१५, पृ. १३४; सर्वोच्च अदालत वि. कुसुम श्रेष्ठ, नेकाप २०२३, नि.नं. ३२७, पृ. ८२; कृष्णप्रसाद सिलवाल वि. किशोर श्रेष्ठ २०५३ सालको फौ. विविध नं. १७८ फैसला मितिः २०५५।८।१४; सुरेशकुमार दुङ्गाना वि. ऋषिकेश साह (२०५२ सालको फौ. विविध नं. १३० फैसला मितिः २०५५।११।१८) र गुणनिधि न्यौपाने वि. मनमोहन अधिकारीसमेत, नेकाप २०५७, नि.नं. ६९१६, पृ. ५२१।

14 गणेशबहादुर सुनार वि. श्री ५ को सरकार, नेकाप २०४२, नि.नं. २४०४, पृ. ५८६; कैलाश कुमार हमाल वि. सुदुरपश्चिमाञ्चल क्षेत्रीय अदालत, नेकाप २०४७, नि.नं. ४१०४, पृ. २६६; अधिवक्ता हेमराज अधिकारी वि. सम्बोधन साप्ताहिक २०६२ सालको AP-०१२७, फैसला मितिः २०६७।५।१७।

15 सर्वोच्च अदालत वि. रामलखन चौधरी, नेकाप २०३६, नि.नं. १२६९, पृ. १४९।

16 अधिवक्ता हेमाङगकुमार शर्मा वि. शुरुची साप्ताहिक, संवैधानिक कानून पहिलो भाग (२०१५-२०६७) भाग १० (ग) पृ. ३२८।

17 अधिवक्ता सन्तोष भट्टराई वि. कनकमणि दिक्षित, नेकाप २०६४, नि.नं. ७८३९, फौजदारी कानुनः दुनियाँवादी दोस्रो भाग २०६६ भाग-७ पृ. ९०।

18 अधिवक्ता हेमाङ्गकुमार शर्मा वि. शुरुची साप्ताहिक, संवैधानिक कानून पहिलो भाग (२०१५-२०६७) भाग १०(ग) पृ. ३२८; रविराज भण्डारी वि. सभामुख तारानाथ रानाभाट समेत संवैधानिक कानून पहिलो भाग (२०१५-२०६७) भाग १०(ग) पृ. ३५७; प्रकाशमणि शर्मा समेत वि. गिरिजाप्रसाद कोइराला, सार्वजनिक सरोकार भाग २ दोस्रो भाग (२०६६) पृ. ३६९।

१४. अवहेलनाको बिषयलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको सापेक्षतामा पनि हेरिनु पर्दछ। अदालतले अपनाएको पछिल्लो उदारवादी दृष्टिकोणले वैयक्तिक अभिव्यक्तिको स्वतन्त्रतालाई महत्त्वका साथ ग्रहण गरेको स्थिति रहेको छ। अवधारणामा देखा परेको उदारवादी दृष्टिकोण तथा विविध सामाजिक सन्दर्भको कारणबाट हिंजोका दिनमा अपनाइएको मापदण्ड आजको व्यवहारमा धेरै उपयोगी नमानिएका दृष्टान्तहरु पनि छन्। विगतमा एउटा अनुसन्धानात्मक लेख वा अदालतको विषयमा छापिएको एउटा कार्टुनको विषयमा अदालतले अवहेलनामा कारवाही गरेको थियो। वर्तमान परिवर्तित समय-सन्दर्भमा त्यस प्रकारको दृष्टिकोणमा केही उदारवादी बदलाव आएको स्थिति देखा पर्दछ। खासगरी, २०७२ सालमा नेपालको संविधान जारी भएपश्चात अपनाइएको धारणा तुलनात्मक रुपमा उदार छ र मानव अधिकार सम्बन्धी विधिशास्त्रका आयामहरुबाट सुसूचित पनि छ[19]। यसको एक दृष्टान्तको रुपमा *हरिहर विरहीको* मुद्दामा गरिएको व्याख्या र परिवर्तित सन्दर्भलाई पनि लिन सकिन्छ।

१५. संविधान निर्माताहरूले वैयक्तिक स्वतन्त्रताको परिसीमन कानूनद्वारा गर्न सकिने व्यवस्था गरेका छन्। संविधानले प्रदान गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रतामा मनासिव प्रतिबन्ध लगाउन सकिने कुरालाई संविधानले स्वीकार गरेको देखिन्छ। नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाती वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिबन्ध लगाउन सक्ने अधिकार संविधानले नै व्यवस्थापिकालाई प्रदान गरेको देखिन्छ। प्रतिबन्ध मनासिव छ छैन, सो बनाएको कानून संवैधानिक सीमाभित्र बनेको छ, छैन भन्ने कुराको न्यायिक परीक्षण हुन सक्दछ। संविधानले वैयक्तिक स्वतन्त्रता र त्यसमा लगाइने

---

राधेश्याम पराजुली वि. वालकृष्ण बस्नेत २०६३ सालको विविध नं. ०००७ फैसला मितिः २०६७।११।१; खड्गबहादुर शाह वि. हेमराज ज्ञवाली २०६२ सालको विविध नं. ११९, फैसला मितिः २०६६।१२।१९; कृष्णगोपाल श्रेष्ठ वि. कान्तिपुर एफ.एम. प्रा.लि. २०६२ सालको विविध नं. १२२, फैसला मितिः २०६६।१२।१९; हेमराज अधिकारी समेत वि. सम्बोधन साप्ताहिक समेत २०६३-AP-०१२७, फैसला मितिः २०६७।५।१७; अरुणकुमार ज्ञवाली वि. कनकमणी दीक्षित, ने.का.प. २०६८, नि.नं. ८५३९, पृ. ८९; अधिवक्ता अन्जनीकुमार पोखरेल वि. कैलाश सिरोहिया समेत २०७१-MS-०००३, फैसला मितिः २०७३।१०।२०।

19 हेर्नुहोसः निवेदक नेत्रबन्धु पौडेल वि. डा. गोबिन्द के.सी. भएको ०७४-MS-००१३ को अवहेलना मुद्दामा यस अदालतको बृहत् पूर्ण इजलासबाट मिति २०७६/१०/२३ मा भएको फैसला।

प्रतिबन्ध दुवैलाई न्यायिक परीक्षण र नियन्त्रण भित्र सीमावद्ध गरेर राखेको छ। विचार र अभिव्यक्तिको स्वतन्त्रताले अदालतको अवहेलना गर्ने छुट प्रदान गर्दैन[20]।

१६ "कुनै लेख वा अभिव्यक्ति वा कार्यलाई हेरेर सो कार्य अवहेलनाजन्य छ वा छैन भन्ने सम्बन्धमा सामान्य व्यक्तिको समझ (Man of general prudence) ले निकाल्न सक्ने निष्कर्ष पनि अवहेलना सम्वन्धी कार्यको परीक्षण गर्ने एउटा आधार बन्न सक्तछ"।[21] अमेरिकी न्यायकर्मीहरूले वाक र प्रकाशन स्वतन्त्रता (Freedom of speech and press) लाई सीमावद्ध गर्ने क्रममा विकास गरेको "स्पष्ट र तत्काल खतराको सिद्धान्त (Clear and present danger test)" लाई पनि यही सन्दर्भमा हेर्न सकिन्छ।[22] अदालत एक सार्वजनिक उत्तरदायित्व रहेको संस्था भएकाले यसका काम कारबाही र कियाकलापहरु सार्वजनिक चासोको विषय बन्नु स्वभाविक छ। कतिपय सन्दर्भमा न्यायकर्मीहरुले अनपेक्षित प्रतिक्रिया वा टिप्पणीहरू सुन्नु पर्ने अवस्था पनि रहन्छ। यसरी व्यक्त गरिएका प्रतिक्रिया वा टिप्पणीहरूले न्याय सम्पादनमा प्रतिकूल असर नपारेसम्म न्यायपालिका प्रतिक्रियात्मक रुपमा अगाडि सर्नु शोभनीय हुँदैन। कुनै प्रकाशन वा अभिव्यक्तिले न्यायको प्रवाहलाई अवरूद्द गर्छ वा अवान्छित लान्छना लगाएर न्यायिक कारबाहीमा भ्रम सिर्जना गर्न खोज्छ वा अदालत, न्यायाधीश, कर्मचारी, मुद्दाका पक्ष, कानून व्यवसायीलाई न्यायको मार्गबाट विचलित गर्ने मनसायका साथ काम गरेको छ वा दुषित मनसायकासाथ जनताको नजरमा न्यायपालिकाको प्रतिष्ठा गिराउने कार्य गरेको छ भने सो कुरा अवहेलनाको विषय बन्न सक्तछ। त्यस प्रकारका काम कारवाहीलाई रोक्ने र दोषी उपर अवहेलनामा सजाय गर्ने अख्तियारी अदालतमा अन्तरनिहित रहेको छ र आवश्यक र उपयुक्त परिस्थितिमा यो अधिकारको प्रयोग हुन सक्तछ। तर अवहेलनामा कारबाही र सजाय गर्ने कुरा जथाभावी प्रयोग गर्ने र न्यायलाई नै विकृत पार्ने अस्त्र नभएकाले यसको प्रयोगमा विशेष सम्वेदनशीलता अपेक्षित रहने गर्दछ। यस विषयमा Lord Atkin को भनाई उधृत गर्नु सान्दर्भिक हुनेछः

20 थिरप्रसाद पोखरेल वि. हरिहर विरही नेकाप २०४९, नि.नं. ४६०४, पृ. ४०४९।

21 थिरप्रसाद पोखरेल वि. हरिहर विरही नेकाप २०४९, नि.नं. ४६०४, पृ. ४०४९।

22 तत्काल र स्पष्ट खतराको सिद्धान्तका सम्वन्धमा Justice Holmes ले भनेका छन्: The question in every case is whether the words are used in such circumstances and are of such a nature as to create a clear and present danger that they will bring about substantive evils that the congress has a right to prevent" (Schench v United States, 249 US 47 (1919)

"The path of criticism is a public way: the wrong headed are permitted to err therein: provided that members of the public abstain from imputing improper motives to those taking part in the administration of justice, and are genuinely exercising a right of criticism and not acting in malice or attempting to impair the administration of justice, they are immune. Justice is not a cloistered virtue: she must be allowed to suffer the scrutiny and respectful even though outspoken comments of ordinary men."

१७. माथि विवेचना गरिएका अवधारणा, कानूनी प्रावधान तथा हाम्रो व्यवहारिक अभ्यासको सापेक्षतामा अब प्रस्तुत विवाद सम्बन्धी तथ्य तर्फ दृष्टिगत गर्नु सान्दर्भिक देखिन्छ। मिति २०७३/२/१ मा प्रकाशित **राजधानी दैनिकको** प्रथम पृष्ठमा **"शान्ति प्रक्रियाको मर्ममै प्रहार"** भन्ने शीर्षक समाचार अन्तर्गत प्रत्यर्थी पुष्पकमल दाहाल (प्रचण्ड) को भनाई भनी प्रकाशित समाचारमा वहाँले **"शान्ति सम्झौता अनुसार सत्य निरुपण तथा मेलमिलाप आयोगको दायरामा पर्ने द्वन्द्वकालिन मुद्दाहरुमा धमाधम फैसला गरेर न्यायालयले शान्ति सम्झौता विरुद्ध नै भयानक षडयन्त्र गरेको", द्वन्द्वकालिन मुद्दाको फैसला आफूहरुले स्वीकार नगर्ने" "न्यायालयले परिवर्तनको प्रक्रियालाई आत्मसात् गर्नुपर्छ", "द्वन्द्वकालिन मुद्दाहरुमा नियमित घटनामा जसरी फैसला सुनाउने कुरा हामीलाई कुनै पनि हालतमा स्वीकार्य हुने छैन"** भन्ने अभिव्यक्ति दिएको भनी समाचार प्रकाशित भएको र सोही मिति २०७३/२/१ मा प्रकाशित **नागरिक दैनिकले "अदालतले दिउँसै रात पार्दैछ"** भन्ने शीर्षकमा प्रत्यर्थीको भनाइ भनी प्रकाशित समाचारमा **"शान्ति प्रक्रिया निष्कर्षमा पुऱ्याउन नदिनका लागि अदालतलाई सक्रिय बनाउने कार्य गरिएको", "अहिले माओवादी विरुद्ध अदालतलाइ तयार पारिँदैछ, अदालतले दिउँसै रात पार्ने काम गरिरहेको छ", "अदालतको जात के हो"** भन्ने अभिव्यक्ति दिएको भनी प्रकाशित समाचारको कारणबाट अदालतको मर्यादा एवम् निष्पक्षता माथि गम्भीर आघात पुग्न गएको, धम्कीको भाषा प्रयोग गरी अदालतलाई गम्भीर त्रासमा पार्न खोजिएको र अदालतको आदेश नमान्ने सार्वजनिक रुपमा चुनौती दिएर न्यायिक प्रक्रियामा गम्भीर अवरोध पार्न खोजिएको भनी सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७(१) बमोजिम प्रत्यर्थी उपर अदालतको अवहेलनामा कारवाही गरी सजाय हुनु पर्दछ भन्ने निवेदकको माग रहेको देखिन्छ।

१८. अदालतको काम कारवाही, न्यायिक प्रक्रिया र निर्णयप्रति लक्षित उपरोक्त अनुसारको समाचारलाई शालीन र न्यायिक मर्यादा अनुकूल, स्वस्थ न्यायिक प्रक्रियाका दृष्टिले शोभनीय मान्न सकिंदैन। यस प्रकारका अभिव्यक्ति वा प्रकाशनले अदालतप्रतिको आस्था र विश्वास

कायम राख्न कुनै टेवा वा सहयोग पुग्दैन। नेपालको संविधानको धारा १२८ बमोजिम संविधान र कानूनको अन्तिम व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतमा निहित रहेको छ। शान्ति सम्झौता, सत्य निरुपण तथा मेलमिलाप, द्वन्द्वकालिन मुद्दाहरु आदि कुनै पनि विषयहरु संविधानको दायराभन्दा बाहिर रहेका छैनन्। संविधान नै सर्वोपरी रहेको छ। कानूनी प्रक्रियामा आएका विवादहरुको समाधान गर्नु न्यायालयको जिम्मेवारीको विषय बन्दछ। अदालतमा प्रवेश गरेका विवादको संविधानसम्मत् रुपमा निरुपण गरेर न्यायालयले संविधानवाद र विधिको शासनको नै प्रवर्द्धन गरिरहेको हुन्छ। अदालत कुनै प्रकारको "षडयन्त्र" गर्ने वा षडयन्त्रका लागि प्रयोग गरिने निकाय होइन। अदालतका काम कारबाही खुल्ला, पारदर्शी र संविधान एवम् कानूनदद्वारा निर्दिष्ट तबरबाट भएका हुन्छन्। यस अवस्थामा अदालतबाट भएका फैसला "स्वीकार नगर्ने" भनियो भने स्वयम् संविधान र कानूनलाई अस्वीकार गरेको परिणाम निस्कन पुग्दछ। यसलाई अपेक्षित र शोभनीय विषय मान्न सकिंदैन। यस प्रसंगमा स्मरणीय कुरा के पनि छ भने फौजदारी न्याय प्रक्रिया शुन्य वा निष्कृय अवस्थामा रहन सक्तैन। संविधानवाद र कानूनको शासनको पालना तथा मानव अधिकारको सम्मान र संरक्षणका दृष्टिले हेर्दा पनि फौजदारी न्याय प्रक्रियालाई शुन्य, निष्कृय वा निष्प्रभावी अवस्थामा रहन दिनु हुँदैन। द्वन्द्वकालिन मुद्दा हुन् वा अन्य कुनै सन्दर्भका मुद्दाहरु नै किन नहुन्; ती सबै विषयहरु संविधान र कानूनले निर्धारण गरेको प्रक्रिया र दायराभित्र अवश्य पर्दछन्। सत्य निरुपण, मेलमिलाप, शान्ति प्रक्रिया जस्ता कुराहरु केवल द्वन्द्व व्यवस्थापनमा सहजीकरणका लागि अपनाइएका वैकल्पिक मार्ग वा उपायहरु हुन्। यसलाई साधन वा माध्यम भन्न सकिन्छ। साधन, माध्यम वा प्रक्रियाले मूल साध्य (न्याय प्रदान गर्ने तथा न्याय प्राप्त गर्ने साध्य) लाई परास्त गर्न सक्तैन। न्याय प्रदान/प्राप्त गर्नु मूल साध्य हो। द्वन्द्व व्यवस्थापनका लागि अपनाइएका सत्य निरुपण, मेलमिलाप जस्ता उपायहरुबाट द्वन्द्वकालिन मुद्दाहरुको उचित/वाञ्छित समय-सीमा भित्र तार्किक र न्यायोचित रुपमा समाधान हुन नसकेको अवस्थामा नियमित न्यायिक प्रक्रियाबाट द्वन्द्वकालिन मुद्दाहरुको निरुपण गरिनु अनिवार्य विषय बन्न जान्छ।

१९. न्यायालय स्वभावले नै प्रतिकृयात्मक बन्दैन, कुनै पूर्वाग्रह वा प्रतिशोध राखेर न्यायालयले कार्य गर्दैन। न्यायालयले परिवर्तनको प्रक्रियालाई संयमतापूर्वक ग्रहण गरेको कारणबाट नै करिब १७ वर्षदेखि टुङ्गोमा नपुगेको संक्रमणकालिन न्याय प्रक्रियाको कुरामा पनि नियमित न्यायिक प्रक्रिया अपनाउने कुरामा अझै प्रतिक्षाको कार्यशैली अपनाइएको देखिन्छ। द्वन्द्व व्यवस्थापनका लागि व्यतित १७/१८ बर्षको अवधि अपेक्षाकृत लामो अवधि हो। लामो समयसम्म द्वन्द्वकालिन विषयको टुङ्गो नलागेको वर्तमान परिवेशमा न्यायालयले अहिलेसम्म

अपनाउँदै आएको न्यायिक आत्मसंयमको कुरामा संविधानसम्मत् तवरबाट पुनरावलोकन गर्न भने अब आवश्यक भैसकेको छ। संविधानसम्मत् तवरबाट हुने न्यायिक काम कारबाही र निर्णयको बिषय आधुनिक लोक-कल्याणकारी राज्यले प्रभावकारी रुपमा न्याय प्रशासन संचालन गर्ने जिम्मेवारीसँग सम्बन्धित महत्त्वपूर्ण बिषय पनि हो। राज्यका प्रमुख तीन अङ्गहरु मध्येको एउटा अङ्गको रुपमा रहेको न्यायपालिकाको आदेश वा निर्णय कुनै व्यक्ति, समूह आदि कसैको स्वीकार्यता वा अस्वीकार्यताबाट निर्देशित वा नियन्त्रित रहन पनि सक्तैन। न्यायले आफ्नो गति स्वभाविक रुपमा लिन्छ र लिनु पर्दछ। अदालतले दिउँसै रात पार्दैन। अदालतले समाजमा विद्यमान अँध्यारोलाई न्यायको ज्योती देखाएर उज्यालोतर्फ डोऱ्याउने काम गर्दछ। यसैले अदालतको मर्यादा एवम् निष्पक्षताको जगेर्ना गर्नु सबैको कर्तव्य बन्दछ। धम्कीको भाषा, त्रासमा पार्न खोज्ने चेष्टा, अदालतको आदेश नमान्ने सार्वजनिक चुनौती, जनमानसमा भ्रम पैदा हुने खालका उत्तेजनापूर्ण अभिव्यक्ति दिने वा प्रकाशन गर्ने कार्यबाट कोही कसैको पनि बैधानिक हितको संरक्षण हुन सक्तैन।

२०. अब निवेदकले उल्लेख गर्नु भएका तथ्यगत व्यहोराको यथार्थता वा प्रमाणिकताको पक्षमा विचार गर्नु आवश्यक देखिन्छ। उपरोक्त अनुसार अभिव्यक्ति दिएको भन्ने निवेदनमा उल्लेख गरिएका तथ्यगत व्यहोरालाई प्रत्यर्थी/प्रतिवादीले स्वीकार गरेको देखिंदैन। त्यस प्रकारका अभिव्यक्ति प्रत्यर्थी श्री पुष्पकमल दाहाल प्रचण्डले दिनु भएको थियो भन्ने विश्वसनीय तथ्यगत आधार वा प्रमाण पेश हुन आएको समेत पाइएन। समाचारपत्रहरुमा यदाकदा भ्रामक, असत्य, अनुमानित र विषयलाई अतिरञ्जनापूर्ण बनाउने किसिमबाट पनि समाचारहरु प्रकाशित हुने गरेका कुराहरु अहिले अपवादको रुपमा मात्रै रहेका छैनन्। यस अवस्थामा अमुक समाचारपत्रमा प्रकाशित समाचारको कुरालाई नै निर्णायक विश्वसनीय आधार मानेर न्यायिक धारणा निर्माण गर्नु मनासिव देखिंदैन।

२१. मिति २०७३/२/१ मा प्रकाशित राजधानी दैनिक र नागरिक दैनिकका विवादित समाचार सामाग्रीलाई वास्तविक वा तथ्यपरक भनी मानेर हेरिएको अवस्थामा पनि अदालतबाट कुनै खास मुद्दामा भएको आदेश वा फैसलालाई सन्दर्भ बनाएर अभिव्यक्ति दिइएको र समाचार प्रकाशन भएको भन्ने देखिंदैन। अदालत लगायतका लोकतान्त्रिक संस्थाहरुको जात वा धर्म लोकतान्त्रिक संविधानको रक्षा र पालना गर्ने, संविधानवाद, कानूनको शासन आदि मूल्य मान्यताको प्रबर्द्धन गर्ने गराउने भन्ने नै रहन्छ। अदालतको जात छुट्याउने, अदालतले षडयन्त्र गऱ्यो, संवैधानिक प्रक्रिया भाँड्न खोज्यो भन्ने जस्ता कुराहरु कल्पनातित कुराहरु हुन्। त्यस प्रकारका अभिव्यक्तिलाई राजनीतिक खपतका लागि गरिएका अभिव्यक्ति भनी मान्न पनि सकिन्छ। यस प्रकारको अभिव्यक्तिबाट अदालतको फैसला वा आदेशको अवज्ञा

भएको वा न्यायिक प्रक्रियामा नै अवरोध पैदा गरेको भन्ने सम्झन मिल्ने अवस्था देखिंदैन। कसैको कुनै अभिव्यक्ति अशोभनीय वा उत्तेजनापूर्ण छ भन्ने आधारमा नै स्वतः त्यसलाई अदालतको अवहेलनाजन्य विषय ठान्नु मनासिव हुँदैन। यसलाई विषय र सन्दर्भ अनुसार हेरिनु आवश्यक हुन्छ। अभिव्यक्ति प्रस्तुतीका दृष्टिले हेर्दा निश्चय नै राजधानी दैनिक र नागरिक दैनिकका विवादित समाचार सामाग्रीहरु न्यायिक मूल्य मान्यता अनुकूल शालीन, शिष्ट र स्वभाविक प्रकृतिको भन्ने देखिंदैन। तर यसलाई नै अदालतको अवहेलनाजन्य कार्य मानेर सजायको विषय बनाउनु भने मनासिव देखिएन।

२२. अतः निवेदकले उल्लेख गरे अनुसार प्रकाशित समाचार सामाग्रीबाट प्रत्यर्थीले अदालतको अवहेलना गरेको भनी ठहर गर्न मिल्नेसम्मको अवस्था देखिन आएन। अवहेलनाजन्य कार्य भएको तथ्य प्रमाणित भएको नदेखिएको हुँदा प्रत्यर्थी पुष्पकमल दाहाल प्रचण्डले अदालतको अवहेलना गरेकोमा सजाय गरी पाउँ भन्ने निवेदक दिनेश त्रिपाठीको निवेदन दावी पुग्न सक्तैन। निवेदन खारेज हुने ठहर्छ।

२३. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी, मुद्दा दायरीको लगत कट्टा गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइ दिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृत: केशब पराजुली
कम्प्युटर टाइप: कृष्ण गिरी

ईति सम्वत् २०८० साल पौष २० गते रोज ६ शुभम् ........... ।